# बीमकको पुनर्बीमा निर्देशिका, २०८०

बीमा प्राधिकरणबाट स्वीकृत मिति: २०८०/०२/०९
प्रथम संशोधन: २०८२/०४/०८
दोस्रो संशोधन: २०८२/११/१२
तेस्रो संशोधन: २०८३/०१/२०
चौथो संशोधन: २०८३/०४/२४
पाँचौ संशोधन: २०८३/०५/०७

**प्रस्तावना:** पुनर्बीमा व्यवसाय सम्बन्धी व्यवस्थाको तर्जुमा गरी जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको पुनर्बीमा व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी बीमा प्राधिकरणद्वारा देहाय बमोजिमको निर्देशिका जारी गरिएको छ ।

परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस निर्देशिकाको नाम "**बीमकको पुनर्बीमा निर्देशिका, २०८०**" रहेको छ ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"ऐन"** भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ ।

(ख) **"ऐच्छिक (फ्याकल्टेटिभ) पुनर्बीमा"** भन्नाले पुनर्बीमा सम्झौतामा निश्चित गरिएको शर्त भन्दा फरक जोखिम तथा ट्रिटिले धारण गर्ने जोखिमको अंश भन्दा अधिक जोखिमको पुनर्बीमकसँग सम्झौता पश्चात छुटा छुटै गरिने पुनर्बीमा सम्झनु पर्छ ।

(ग) **"कभर नोट"** भन्नाले पुनर्बीमा करारको शर्त तथा व्यवस्थाहरू उल्लेख भएको, पुनर्बीमकद्वारा पुनर्बीमा व्यवसाय गर्दा पुनर्बीमक वा अधिकार प्राप्त पुनर्बीमा दलालद्वारा जारी भएको लिखित दस्तावेज सम्झनु पर्छ।

(घ) **"खुद धारण"** भन्नाले बीमकले ग्रहण गरेको कुनै एक बीमा जोखिम मध्ये त्यस्तो जोखिम वा एक घटनामा उत्पन्न हुने दायित्व अन्तर्गत आफूले व्यहोर्ने भनी पुनर्बीमा करारमा निर्धारित जोखिमको अंश वा प्रति घटना उत्पन्न हुने दायित्वको अंश बराबरको अधिकतम रकम सम्झनु पर्छ ।

(ङ) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०८१ सम्झनुपर्छ ।

(च) **"पुनर्बीमक"** भन्नाले बीमकले धारण गर्ने जोखिमको अंश भन्दा बढी अंशको पुनः बीमा गर्ने बीमक सम्झनु पर्छ ।

(छ) **"पुनर्बीमित"** भन्नाले आफूले बीमक वा पुनर्बीमकबाट स्वीकार गरेको पुनर्बीमा जोखिमको अर्को पुनर्बीमकसँग रेट्रोसेसन गरी पुनर्बीमा गराउने बीमक वा पुनर्बीमक सम्झनु पर्छ ।

(ज) **"पुनर्बीमा सम्झौता"** भन्नाले बीमक तथा पुनर्बीमक बीच निश्चित शर्तहरू तोकी निश्चित अवधिको लागि सुरूमा नै तय गरिएको सीमा भित्रको लिखित पुनर्बीमा सम्झौता वा ट्रिटी सम्झनु पर्छ ।

(झ) **"पुनर्बीमा दलाल"** भन्नाले जोखिमको पुनर्बीमा व्यवस्था गर्ने वा मिलान गर्ने बीमक वा पुनर्बीमक र पुनर्बीमक बीचको कार्य गर्ने मध्यस्थकर्ता सम्झनु पर्छ ।

(ञ) **"पुनर्बीमा स्लीप"** भन्नाले पुनर्बीमाको लागि प्रस्तावित जोखिम एवं शर्त तथा व्यवस्थाको विवरण उल्लेख भएको र प्रत्येक पुनर्बीमकलाई मान्य भई सोमा आ-आफ्नो हिस्साको प्रतिशत खुलाई हस्ताक्षर गरिएको दस्तावेज सम्झनु पर्छ ।

(ट) **"बीमक"** भन्नाले ऐन बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने सँगठित संस्था सम्झनु पर्छ ।

(ठ) **"बीमित"** भन्नाले आफूले धारण गरेको सम्पत्ति वा दायित्वको बीमा गराउने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ड) **"सामूहिक बीमाकोष वा बीमा पुल"** भन्नाले खास प्रकृतिको जोखिम वा बीमा सम्बन्धमा बीमकहरू मिली एउटै बीमालेख जारी गर्ने, एक स्थानमा बीमाशुल्क जम्मा गर्ने, पुनर्बीमा व्यवस्था गर्ने र दावी भुक्तानी व्यवस्था गर्न स्थापना भएको कुनै नामको सामूहिक बीमा कोष वा बीमा पुल सम्झनु पर्छ ।

(ढ) **"महाविपत्ति पुनर्बीमा"** भन्नाले कुनै एकल घटनाबाट सिर्जना भई व्यापक रूपमा असर पार्ने विनासकारी क्षति तथा/वा प्राकृतिक प्रकोपबाट हुर्ने क्षतिको रक्षावरणका लागि गरिने पुनर्बीमा सम्झनु पर्छ ।

(ण) **"प्राधिकरण"** भन्नाले नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ ।

(थ) **"सेशन"** भन्नाले बीमकले ग्रहण गरेको जोखिममा त्यस्तो बीमकले आफ्नो खुद धारण राखी बाँकी अंशको पुनर्बीमक सँग गरेको पुनर्बीमाको हिस्सालाई सम्झनु पर्छ र यो शब्दले स्वदेशी पुनर्बीमकहरुसँग गरेको प्रत्यक्ष हिस्सा (Direct cession) लाई समेत बुझाउँछ ।

(थ) **"रेट्रोसेशन"** भन्नाले पुनर्बीमकले ग्रहण गरेको जोखिममा त्यस्तो पुनर्बीमकले अर्को पुनर्बीमकसँग गरेको पुनर्बीमा व्यवस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## पुनर्बीमा सम्बन्धी व्यवस्था

**३.** **पुनर्बीमाको प्रकारः-** बीमकले गर्ने पुनर्बीमाको प्रकार देहाय बमोजिमको हुनेछः-

(क) टिट्री पुनर्बीमा

(ख) ऐच्छिक पुनबींमा (फ्याकल्टेटिभ पनुर्बीमा)

(ग) बीमा पुल

**४.** **पुनर्बीमा गर्नुपर्नेः-** (१) बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको वा आफूले धारण गर्न नसक्ने अंशको पुनर्बीमा गराउनु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम बीमकले पुनर्बीमा गर्दा देहायको शर्त पालना गर्नु पर्नेछः-

(क) आफूले पूरै स्वीकार गर्ने जोखिम बाहेकको बीमालेखले रक्षावरण गर्ने कुनै पनि जोखिम नछुट्ने गरी पुनर्बीमा व्यवस्था गर्नु पर्ने।

(ख) बीमकले पुनर्बीमा गर्दा जोखिमको विविधिकरण गर्नु पर्ने ।

(ग) बीमकले प्राविधिक तथा वित्तीय क्षमताको पर्याप्त मात्रामा विश्लेषण गर्नु पर्ने।

(३) बीमकले प्रत्येक बीमालेखमा उचित र पर्याप्त मात्रामा पुनर्बीमाको व्यवस्था नगरी बीमालेख जारी गर्नु हुँदैन।

(४) बीमकले प्रत्येक बीमालेखले रक्षावरण गरेको जोखिमको आफूले धारण नगरी शतप्रतिशत पुनर्बीमा गराउनु हुँदैन।

(५) बीमकले आफ्नो धारण निर्धारण गर्दा जोखिमको प्रकृति अनुसार आफ्नो खुद धारण न्यून ( Grading) गर्न सक्नेछ ।

# (६)............

# (७).............

**५.** **पुनर्बीमक छनौटः-** बीमकले पुनर्बीमक छनौट गर्दा ऐन बमोजिम प्राधिकरणबाट इजाजतपत्र प्राप्त गरेको स्वदेशी पुनर्बीमक वा आफ्नो देशको बीमा नियमनकारी निकायबाट कानून बमोजिम इजाजतपत्र प्राप्त गरी दफा ११ बमोजिम प्राधिकरणमा सूचीकृत विदेशी पुनर्बीमकसँग पुनर्बीमा गराउनु पर्नेछ।

**६.** **पुनर्बीमा धारणः-** (१) बीमकले आफ्नो नेटवर्थको आधारमा बीमाको प्रकार (पोर्टफोलियो) अनुसार पुनर्बीमा व्यवस्था गर्नुपर्नेछ ।

(२) बीमकले जारी गरेको बीमालेख अन्तर्गत प्रति बीमालेख/प्रति जोखिममा बीमकको धारण नेपाल भित्र रहेको आफ्नो नेट वर्थको अधिकतम् धारण जीवन बीमकको हकमा शुन्य दशमलव पाँच प्रतिशत र निर्जीवन बीमकको हकमा पाँच प्रतिशत भन्दा बढी हुनु हुँदैन।

(३) जीवन बीमकको हकमा प्रति बीमालेख बढीमा पचास लाख रुपैया सम्म धारण गर्न सकिनेछ।

(४) उपदफा (२) अन्तर्गत विदेशमा प्रधान कार्यालय रही नेपालमा शाखा कार्यालयको रुपमा कारोबार गरिरहेका बीमकको हकमा पुनर्बीमा गर्दा उक्त प्रधान कार्यालयको क्षमता बमोजिमको धारण कायम गरी पुनर्बीमा गर्न सकिनेछ।

**७.** **प्रत्यक्ष हिस्साः-** (१) नेपालमा कार्यरत बीमकले जारी गर्ने बीमाङ्कको कम्तीमा २० प्रतिशत प्रत्यक्ष हिस्सा नेपाल पुनर्बीमा कम्पनीबाट पुनर्बीमा गराउनु पर्नेछ ।**

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएको भए तापनि प्रत्यक्ष हिस्सा अन्तर्गत हवाई बीमा, हुलदंगा तथा आतंकवाद र विविध बीमा अन्तर्गत पर्ने स्वास्थ्य यात्रा र ट्रेकिङ बीमा समावेश हुने छैन।**

(३) पुनर्बीमकलाई बीमकबाट प्राप्त प्राधिकरणले निर्धारण गरे बमोजिम प्राप्त प्रत्यक्ष हिस्सा स्वदेशी पुनर्बीमकले कुनै पनि अवस्थामा अस्वीकार गर्न पाउने छैन।

# तेस्रो संशोधनद्धारा संशोधित गरिएको

** पाँचौ संशोधनद्धारा संशोधित गरिएको

**८.** **स्वदेशी पुनर्बीमकसँग पुनर्बीमा गर्नुपर्नेः-** (१) बीमकले निर्देशिकाको दफा (७)को उपदफा (१) को अधिनमा रही ट्रिटी पुनबींमा अन्तर्गत प्रत्यक्ष हिस्सा (Direct Cession) स्वदेशी पुनर्बीमकलाई प्रदान गर्नुपर्नेछ ।#

(२) उपदफा (१) बमोजिम प्रत्यक्ष हिस्सा प्रदान गरेपछि बाँकी रहेको हिस्साको कम्तीमा तीस प्रतिशत पुनर्बीमा स्वदेशी पुनर्बीमकलाई प्रदान गर्नुपर्नेछ ।#

(३) बीमकहरुले जीवन बीमा, मोटर, कृषि, पशुपन्छी तथा जडिवुटी बीमा, हुलदंगा तथा आतंकवाद बीमा र विविध (यात्रा, ट्रेकिङ तथा स्वास्थ बीमा बाहेक) बीमालाई दफा १८ को अधीनमा रही स्वदेशमा नै शत प्रतिशत पुनर्बीमा गर्नुपर्नेछ र त्यसरी प्राप्त पुनींमा स्वदेशी पुनर्बीमकले अस्वीकार गर्न पाउने छैन ।

**९.** **फ्याकल्टेटिभ पुनर्बीमाः-** (१) पुनर्बीमा व्यवस्था बमोजिम स्वदेशी बीमकहरूले अर्को स्वदेशी बीमक वा बीमकहरूसँग आन्तरिक फ्याकल्टेटिभ पुनर्बीमा गर्न सक्नेछ।

(२) बीमकले फ्याकल्टेटिभ पुनर्बीमा गर्दा पुनर्बीमकबाट स्वीकृति (कन्फर्मेसन) प्राप्त नभए सम्म बीमालेख जारी गर्नु हुँदैन ।

**१०.** **नेपाली नागरिकको बीमायोग्य हित रहेको विदेश स्थित सम्पत्ति सम्वन्धी व्यवस्थाः-** (१) नेपाली नागरिकको बीमायोग्य हित रहेको विदेश स्थित सम्पत्ति तथा दायित्वको प्राधिकरणबाट इजाजत प्राप्त नेपाली बीमकहरुबाट नेपालमा नै बीमा गर्न सक्ने र त्यस्तो बीमा बापत कुनै दाबी परेमा नेपाल भित्रै नेपाली मुद्रामा दाबी भुक्तानी गर्ने सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्पति तथा दायित्वको बीमा गर्ने स्वदेशी बीमकले प्रचलित कानून अनुमार पुनर्बीमा समेत गर्न सक्नेछ।

परिच्छेद-३

## सूचीकरण

**११.** **सूचीकृत हुनुपर्नेः** (१) विदेशी पुनर्बीमक तथा पुनर्बीमा दलाल प्राधिकरणमा सूचीकृत हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुन विदेशी पुनर्बीमकले देहायका कागजात संलग्न गरी प्राधिकरणमा निवेदन पेश गर्नुपर्नेछः-

(क) सम्बन्धित देशको नियमनकारी निकायबाट प्राप्त पुनर्बीमकको इजाजतपत्र र सो इजाजतपत्र वहाल रहेको प्रमाण, इजाजतपत्र नम्बर र स्थापना मिति,

(ख) इजाजतपत्र दिने निकायको नाम,

(ग) अद्यावधिक वित्तीय विवरण,

(घ) बीमकसँग कारोवार हुने पोर्टफोलियो,

(ङ) कम्पनीको नाम, ठेगाना, स्थापना वर्ष, सम्पर्क नम्बर र इमेल,

# तेस्रो संशोधनद्वारा संशोधन गरिएको

(च) सम्पर्क व्यक्तिको नाम, ठेगाना, इमेल र सम्पर्क न.,

(छ) सूचीकरण गर्न बीमकको आफ्नै कर्मचारी वा कुनै प्रतिनिधि वा स्वदेशी बीमकलाई प्रदान गरिएको अख्तियारनामा,

(ज) रेटिङ्ग एजेन्सीको नाम, रेटिङ्ग प्राप्त गरेको मिति र रेटिङ्गको प्रमाणपत्र ।

(३) उपदफा (१) बमोजिम सूचीकृत हुन विदेशी पुनर्बीमा दलालले देहायका कागजात संलग्न गरी प्राधिकरणमा निवेदन पेश गर्नुपर्नेछः-

(क) सम्बन्धित देशको नियमनकारी निकायबाट प्राप्त पुनर्बीमा दलालको इजाजतपत्र र सो इजाजतपत्र वहाल रहेको प्रमाण, इजाजतपत्र नम्बर र स्थापना मिति

(ख) इजाजतपत्र दिने निकायको नाम,

(ग) अद्यावधिक वित्तीय विवरण,

(घ) बीमकसँग कारोवार हुने पोर्टफोलियो,

(ङ) कम्पनीको नाम, ठेगाना, स्थापना वर्ष, सम्पर्क नम्बर र इमेल,

(च) पुनर्बीमा दलालले लिएको पेशागत बीमा दायित्व बीमाको अद्यावधिक प्रतिलिपि,

(छ) सम्पर्क व्यक्तिको नाम, ठेगाना, इमेल र सम्पर्क नं.,

(ज) सूचीकरण गर्न बीमकको आफ्नै कर्मचारी वा कुनै प्रतिनिधि वा स्वदेशी बीमकलाई प्रदान गरिएको अख्तियारनामा,

(४) उपदफा (२) र (३) बमोजिमको निवेदन प्राप्त भएपक्षात त्यस्तो विदेशी पुनर्बीमक वा पुनर्बीमा दलाललाई प्राधिकरणले सूचीकरण नम्बर प्रदान गर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वदेशी पुनर्बीमक तथा पुनर्बीमा दलाल तथा देहाय बमोजिमको रेटिङ्ग कायम भएका विदेशी पुनर्बीमकले प्राधिकरणमा छुट्टै सूचीकृत हुनुपर्ने छैनः

| रेटिङ एजेन्सी | **AM Best Rating** | **S&P Rating** | **Moody's Rating** | **Fitch Rating** |
|---|---|---|---|---|
| **रेटिङ** | A++ | AAA | AAA | AAA |

तर, त्यस्तो रेटिङ्ग भएको तथ्य उक्त पुनर्बीमकसँग कारोबार गर्ने बीमकले प्रमाणित गर्नुपर्नेछ।

(६) आर्थिक वर्षको बीचमा कुनै पुनबींमक वा पुनर्बीमा दलालसँग पुनर्बीमा कारोवार गर्नु परेमा त्यस्तो पुनर्बीमक वा पुनर्बीमा दलाललाई सोही समयमा सूचीकरण गर्न सकिनेछ।

**१२.** <u>**सूचीकरण नम्वर नवीकरण गराउनु पर्नेः**</u> विदेशी पुनर्बीमकले प्रत्येक वर्ष सूचीकरण नम्वरलाई प्राधिकरणबाट नवीकरण गराउनु पर्नेछ।

**१३.** **<u>कार्यालय स्थापना गर्नुपर्ने</u>:**- प्राधिकरणबाट सूचीकरण नम्बर प्राप्त गर्ने विदेशी पुनर्बीमा दलालले सूचिकरण नम्बर प्राप्त गरेको एक वर्ष भित्र शाखा वा सम्पर्क कार्यालय वा संयुक्त लगानीमा कार्यालय स्थापना गरिसक्नुपर्नेछ ।*

**१४.** **<u>कारोवार गर्नु पर्नेः-</u>** (१) स्वदेशी पुनर्बीमक, स्वदेशी पुनर्बीमा दलाल र दफा ११ बमोजिम सूचीकरण नम्वर प्राप्त गरेका विदेशी पुनर्बीमक तथा पुनर्बीमा दलालसँग बीमा कारोवार गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११ र १२ बमोजिम सूचीकरण भएको आर्थिक वर्षमा भएको पुनर्बीमा करार बमोजिमको पुनर्बीमा शुल्क भुक्तानी गर्न बाधा पर्ने छैन ।*

**१५.** **<u>सूची सार्वजनिक गरिने</u>:**- दफा ११ बमोजिम सूचीकरण नम्बर प्राप्त गरेका विदेशी पुनर्बीमक तथा पुनर्बीमा दलालको सूची प्राधिकरणले आफनो वेभसाइट मार्फत सार्वजनिक गर्नेछ।

## परिच्छेद-४
## <u>पुनर्बीमा नीति</u>

**१६.** **<u>पुनर्बीमा नीति लागू गर्नुपर्ने:</u>** (१) बीमकले नेटवर्थ, पुनर्बीमा जोखिमांकन, जोखिम खुद धारण क्षमता तथा समग्र वित्तीय क्षमता बमोजिम उपयुक्त पुनर्बीमा नीति तयार गरी लागू गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको नीति तयार गर्दा कम्तीमा देहाय बमोजिमका विषयहरू समावेश गरिएको हुनुपर्नेछः

(क) पुनर्बीमाको प्रकार,
(ख) पुनर्बीमक अगुवा (लिडर) छनौटको आधार र अगुवाले धारण गर्ने अधिकतम अंश,
(ग) पुनर्बीमा दलाल छनौटको आधार,
(घ) प्रत्येक पुनर्बीमा सम्झौता अन्तर्गत बीमकको खुद धारण,
(ङ) प्रत्येक पुनर्बीमा अन्तर्गत अधिकतम पुनर्बीमा रक्षावरण,
(च) बीमकको नेट वर्थ,
(छ) पुनर्बीमकको रेटिङ,
(ज) बीमकको महाविपत्ति सम्बन्धी व्यवस्था,
(झ) पुनर्बीमा व्यवस्था अनुगमनको लागि अपनाउने आन्तरिक नियन्त्रण प्रणाली,
(ञ) अन्य आवश्यक विषयहरू

(३) बीमकले प्रत्येक आर्थिक वर्षको लागि दफा १६ को उपदफा (२) बमोजिमका व्यवस्थाहरू समावेश गरी पुनर्बीमा नीति तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त हुनु अगावै सञ्चालक समितिबाट पारीत गरी लागू गर्नु पर्नेछ।

* चौथो संशोधनद्वारा संशोधन गरिएको ।

(४) उपदफा (१) बमोजिम तयार गरिने पुनर्बीमा नीतिमा आर्थिक वर्षको मध्यावधिमा छुट्टै व्यवस्था वा संशोधन अनुसार पुनर्बीमा सम्झौता गर्नुपर्ने भएमा सोको जानकारी प्राधिकरणमा दिनु पर्नेछ।

(५) नेपाल भित्र प्रधान कार्यालय नरहेको विदेशी बीमकको हकमा नेपाल स्थित कार्यालयले यस दफा बमोजिम पुनर्बीमा नीति तयार गरी व्यवस्थापन समूहबाट पारित गरी लागू गर्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकको जोखिमाङ्कन नीतिमा परिमार्जन गर्नु परेमा, बीमकको वित्तीय अवस्था प्रतिकूल हुँदै गएमा, पुनर्बीमकको स्तर घटेमा वा अन्य प्रतिकूल अवस्था देखिएमा बीमकको आफ्नो पुनर्बीमा व्यवस्था तत्काल पुनरावलोकन गरी आवश्यकता अनुरूप परिमार्जन गर्नु पर्नेछ ।

**१७.** **<u>सुरक्षण पत्र पेश गर्नुपर्ने</u>**:- बीमकले प्रत्येक आर्थिक वर्षको लागि गर्ने पुनर्बीमा सम्झौता (पुनर्बीमा ट्रिटी) को सुरक्षण पत्र (साइन स्लिप वा कभर नोट) को प्रमाणित प्रति सम्झौता क्रियाशील भएको साठी (६०) दिन भित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।
तर फ्याक्लटेटिभ पुनर्बीमाको हकमा यो व्यवस्था लागू हुने छैन।

## परिच्छेद-५
## पुनर्बीमा विविधिकरण

**१८.** **<u>पुनर्बीमा विविधिकरण गर्नुपर्ने</u>**: (१) बीमकले पुनर्बीमा गराउँदा जोखिमको पर्याप्त मात्रामा विविधिकरण हुने गरी पुनर्बीमा विविधिकरणको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्बीमा विविधिकरण गर्दा जुनसुकै अवस्थामा निर्जीवन बीमकको हकमा सम्पूर्ण पोर्टफोलियो र प्रति पोर्टफोलियो दुवैको अधिकतम साठी प्रतिशत भन्दा बढी हुने गरी एउटै पुनर्बीमक संग पुनर्बीमा गराउनु हुँदैन ।

(३) पुनर्बीमाको विविधिकरणको लागि मुख्य (लिडर) पुनर्बीमकलाई कूल पुनर्बीमाको बढीमा चालिस प्रतिशत सम्म र अन्य सहभागी (फलोअर) पुनर्बीमकको हकमा प्रत्येक पुनर्बीमकलाई बढीमा बीस प्रतिशत सम्म पुनर्बीमा दिन सकिनेछ।

तर, यो व्यवस्था जीवन बीमकको हकमा लागू हुने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहभागी पुनर्बीमक कम्तीमा दफा २१ को उपदफा (१) बमोजिमको लिडर सरहको रेटिङ्ग कायम भएको पुनर्बीमक रहेछ भने उक्त पुनर्बीमक सँग मुख्य पुनर्बीमक सरह नै पुनर्बीमा व्यवस्था गर्न सकिनेछ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि महाविपत्ति पुनर्बीमा, फ्याकल्टेटिभ पुनर्बीमा र कुनै विशेष प्रकारको वैदेशिक यात्रा, ट्रेकिङ, क्लिनिकल ट्रायल, पेशागत दायित्व र स्वास्थ्य तथा औषधोपचार (International Travel, Trekking, Clinical Trial, Professional Indemnity, Medical and

Health) जोखिमहरुको पुनर्बीमा एउटै पुनर्बीमक सँग पुनर्बीमा गराउन सक्नेछ र सो भन्दा बाहेक अन्य कुनै विशेष प्रकारको बीमामा विविधिकरण गर्न नसकी एउटै पुनर्बीमकसँग पुनर्बीमा गर्नु परेमा प्राधिकरणबाट स्वीकृति लिएर पुनर्बीमा गर्न सकिनेछ ।

(६) बीमकले पुनर्बीमाको विविधीकरण गर्दा स्वदेशी पुनर्बीमकसँग गरेको पुनर्बीमा कारोवारको हकमा उपदफा (३) बमोजिमको प्रतिशतको सीमा लागू हुने छैन।

परिच्छेद-५

## महाविपत्ति पुनर्बीमा

१९. **महाविपत्ति पुनर्बीमा गर्नुपर्ने:** (१) बीमकले आफूले जारी गर्ने प्रत्येक बीमालेख अन्तर्गत आफूले धारण गरेको अंशको जोखिम तथा वा पुनर्बीमा व्यवस्था अनुसार हुन आउने अधिक जोखिमको पर्याप्त मात्रामा महाविपत्ति पुनर्बीमा सम्बन्धी व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको महाविपत्ति पुनर्बीमा गराउँदा त्यस्तो पुनर्बीमा व्यवस्था अन्तर्गत बीमकको खुद धारण पुनर्बीमा सम्झौताको हकमा जीवन बीमकको लागि दश करोड रुपैंया सम्म तथा निर्जीवन बीमकको लागि बढीमा नेट वर्थको दश प्रतिशत सम्म धारण हुने गरी गर्नु पर्नेछ।

२०. **पुर्याप्त र उपयुक्त हुने गरी महाविपत्ति पुनर्बीमा गर्नुपर्ने:** बीमकले जारी गरेको बीमालेख अन्तर्गत सबै भन्दा बढी संख्यामा बीमाको विषयबस्तु रहेको एउटा भौगोलिक क्षेत्र भित्र पर्ने बीमाको विषयवस्तुमा बीमकले धारण गरेको खुद दायित्वको योगफल तथा सम्भावित अधिकतम नोक्सानी (प्रोबेबल म्याक्सिमम लस) को लागि उपयुक्त र पर्याप्त हुने गरी महाविपत्ति पुनर्बीमा गराउनु पर्नेछ ।

**स्पष्टिकरण:** "भौगोलिक क्षेत्र" भन्नाले बीमकले आफ्नी पुनर्बीमा नीति अनुमार हुन सक्ने महाविपतिको जोखिमलाई सामना गर्न विभाजन गरेको अलग अलग भौगोलिक क्षेत्र सम्झनु पर्छ।

परिच्छेद-७

## पुनर्बीमकको रेटिङ्ङ

२१. **रेटिङ भएको पुनर्बीमकसँग पुनर्बीमा गर्नुपर्ने:** (१) बीमकले ट्रिटि पुनर्बीमा गर्दा कम्तीमा देहाय बमोजिमको रेटिङ्ग कायम भएको पुनर्बीमकसँग पुनर्बीमा गर्नु पर्नेछ:

| | AM Best Rating | S&P Rating | Moody's Rating | Fitch Rating |
|---|---|---|---|---|
| लिडरको रेटिङ | A- | A- | A3 | A- |
| फलोअरको रेटिङ | B | BBB | Baa1 | BBB |

(२) बीमकले फ्याकल्टेटिभ पुनर्बीमा गर्दा कम्तीमा देहाय बमोजिमको रेटिङ्ग कायम भएको पुनर्बीमकसँग पुनर्बीमा गर्नु पर्नेछ:

| रेटिङ एजेन्सी | AM Best Rating | S&P Rating | Moody's Rating | Fitch Rating |
|---|---|---|---|---|
| रेटिङ | B | BBB | Baa1 | BBB |

**स्पष्टीकरणः रेटिङ्ग 'भन्नाले पुनर्बीमकको वित्तीय सबलता रेटिङ्ग (Insurer's Financial Strength Rating) सम्झनुपर्छ।**

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपा नेपाली बीमकसँग लामो समय देखि कारोवार गरी स्वदेशी बीमकहरूलाई सहयोग पुर्याइरहेका, उपदफा (१) र (२) बमोजिमको रेटिङ्ग कम्पनीबाट रेटिङ्ग समेत गराएका तर तोकिएको रेटिङ्ग प्राप्त नगरेका विदेशी पुनर्बीमकहरूसँगको कारोवार दुई आर्थिक वर्ष भित्र क्रमशः घटाँउदै बन्द गर्नु पर्नेछ ।

२२. **रेटिङ्ग सम्बन्धी व्यवस्था लागू नहुनेः** स्वदेशी पुनर्बीमक तथा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य राष्ट्रमा रहेका पुनर्बीमकको हकमा रेटिङ्ग सम्बन्धी व्यवस्था लागू हुनेछैन ।

परिच्छेद-८

**पुनर्बीमा दलाल**

२३. **पुनर्बीमा दलालः-** (१) बीमकले पुनीमा व्यवस्था गर्दा आफै वा पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गर्न सक्नेछ ।

(२) पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गराउँदा त्यस्तो दलालको ख्याति क्षमता र अनुभवलाई समेत मध्यनजर राखी छनौट गर्नु पर्नेछ।

२४. **इजाजत प्राम गरेको हुनुपर्नेः-** बीमकले पुनर्बीमा दलाल छनौट गर्दा ऐन बमोजिम प्राधिकरणबाट इजाजतपत्र प्राप्त गरेको पुनर्बीमा दलाल वा सम्बन्धित देशको बीमा नियमनकारी निकायबाट इजाजत प्राप्त गरेको विदेशी पुनर्बीमा दलाल मार्फत पुनर्बीमा गराउनु पर्नेछ।

२५. **पेशागत दायित्व बीमा हुनुपर्नेः-** बीमकले आफूले छनौट गरेको पुनबींमा दलालले पर्याप्त मात्रामा पेशागत दायित्वको बीमा गरेको हुनुपर्ने र बीमकले सो बीमालेखको अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि लिनु पर्नेछ।

परिच्छेद-९

**बिबिध**

२६. **लेनादेना राफसाफ गर्नुपर्नेः-** (१) बीमकले स्वदेशी पुनर्बीमकको प्रत्येक त्रैमासिक अवधिको कारोवारको हिसाब किताब, लेनादेना अर्को त्रैमासिक अवधि भित्र राफसाफ गर्नुपर्नेछ।

(२) बीमकले अर्को बीमकसँग गरेको फ्याकल्टेटिभ पुनर्बीमा कारोवार प्रत्येक त्रैमासिक अवधिको कारोवारको हिसाब किताब, लेनादेना अको त्रैमासिक अवधि भित्र राफसाफ गर्नुपर्नेछ।

२७. **यकिन गर्नुपर्नेः-** बीमकको सञ्चालक समितिले पुनर्बीमा सम्झौता अनुरूप कार्य भए नभएको त्रैमासिक रुपमा अनुगमन गरी यकिन गर्नु पर्नेछ।

२८. **प्रत्यक्ष भुक्तानी सम्बन्धी व्यवस्थाः-** (१) पुनर्बीमकले सोझै बीमितसँग कुनै सम्झौता गर्न तथा बीमकले पुनर्बीमा करारको आधारमा दायित्व भुक्तानी नगरी कुनै पनि किसिमले बीमितसँग प्रतिरक्षा गर्न वा पुनर्बीमकलाई दायित्व पन्छाउन पाउने छैन।

तर, कुनै खास प्रकृतिको जोखिम व्यवसायको सम्बन्धमा वा खास परिस्थितिमा बीमितले पुनर्बीमकको प्रत्याभूति खोजेमा वा पुनर्बीमकबाटै सिधै भुक्तानी गर्ने व्यवस्था गर्न चाहेमा सोही बमोजिम गर्न अन्तराष्ट्रिय प्रचलन अनुरुप पुनर्बीमा व्यवस्थामा प्रत्यक्ष भुक्तानी सम्बन्धी व्यवस्था (Cut Through Clause) राख्नु पर्ने भएमा पुनर्बीमा गर्नु अघि प्राधिकरणबाट स्वीकृति लिनु पर्नेछ।

(२) बीमक वा पुनर्बीमकले फ्रन्टिङ्ग (Fronting) गर्न पाउने छैन।

२९. **पुनर्बीमा लेखापरीक्षणः-** (१) बीमकले आफ्नो आन्तरिक लेखापरीक्षण गर्दा पुनर्बीमा सम्बन्धी लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराँउदा ट्रिटी, फ्याकल्टेटिभ, स्थानीय फ्याकल्टेटिभ, बीमा पुल लगायत सबै प्रकारका पुनर्बीमा सम्झौता सम्बन्धी विषयहरू आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

३०. **सामूहिक बीमाकोष (बीमा पुल) सम्बन्धी व्यवस्थाः** (१) बीमकहरूले बीमा वा पुनर्बीमा व्यवसायको कुनै खास जोखिम वा पोर्टफोलियों सम्बन्धी सामूहिक बीमाकोष खडा गर्न आवश्यक ठानेमा प्राधिकरणमा निवेदन दिन सक्नेछन्।

(२) प्राधिकरणले उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक अध्ययन गरी सामूहिक बीमाकोष खडा उपयुक्त देखेमा स्वदेशी बीमा तथा पुनर्बीमा पुलको गठनका लागि स्वीकृति दिन सक्नेछ।

तर,प्राधिकरणले आवश्यक ठानेमा आफैले कुनै जोखिमसँग सम्बन्धित सामूहिक बीमाकोष स्थापना गर्न वा गराउन सक्नेछ ।

(३) सामूहिक बीमाकोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सामूहिक बीमाकोष सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ ।

३१. **जनशक्ति विकासः-** (१) बीमकले आफ्नो पुनर्बीमा शाखामा दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपवफा (१) बमोजिमको जनशक्तिको लागि क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३२. **तथ्याङ्क सम्बन्धी व्यवस्थाः-** बीमकले पुनर्बीमा व्यवसाय सम्बन्धमा प्राधिकरणले तोके बमोजिमको ढाँचामा प्रत्येक त्रैमास समाप्त भएको मितिले पन्ध्र दिन भित्र प्राधिकरणले तोके बमोजिमको प्रणाली मार्फत विवरण तथा तथ्याङ्क पेश गर्नु पर्नेछ।

३३. **पुनर्बीमा उपसमितिः**- पुनर्बीमाका प्राविधिक विषयहरुको सम्बन्धमा सिफारिस गर्न र पुनर्बीमा सम्बन्धी अवस्थाको अद्यावधिक मुल्याङ्कन गर्न प्राधिकरणका अध्यक्षको संयोजकत्वमा प्राधिकरणका कार्यकारी

निर्देशक, जीवन बीमक वा निर्जीवन बीमक वा लघुबीमकको प्रतिनिधि र पुनर्बीमा विज्ञ सदस्य तथा प्राधिकरणको पुनर्बीमा विभागका प्रमुख सदस्य सचिव रहने गरी एक उपसमिति गठन गरिने छ ।

**३४.** **निर्देशन दिन सक्नेः**- बीमकले तयार पारेको पुनर्बीमा नीति तथा प्राधिकरण समक्ष पेश गरेका पुनर्बीमा ट्रिटी, कभर नोट स्लीप लगायतका कागजात तथा तिनमा भएका व्यवस्था लगायतका विषयमा प्राधिकरणले संशोधन वा परिमार्जन गर्न वा रद्द गर्न निर्देशन दिन सक्नेछ ।

**३५.** **अभिलेख सुरक्षित राख्नु पर्नेः-**पुनर्बीमा सम्बन्धी तथा यस निर्देशिकाको कार्यान्वयनका लागि बीमकले तयार पारेको, संकलन गरेको वा विकास गरेका सम्पूर्ण अभिलेख तथा कागजात सुरक्षित राख्नु पर्नेछ।

**३६.** **व्याख्या गर्ने अधिकारः-** यस निर्देशिकाको प्रयोगमा कुनै द्विविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार प्राधिकरणलाई हुनेछ ।

**३७.** **खारेजी र बचाउः-** (१) बीमकको पुनर्बीमा निर्देशिका, २०७८ तथा पुनबींमा सम्बन्धी यस अघि जारी गरिएका पुनर्बीमा सम्बन्धी निर्देशन तथा परिपत्रहरू खारेज गरिएको छ।

(२) बीमकको पुनर्बीमा निर्देशिका, २०७८ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।